# लुम्बिनी प्रदेश सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता


लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

जेठ २०८२

# माननीय आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले प्रदेश सभामा प्रस्तुत गर्नुभएको लुम्बिनी प्रदेश सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता


लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

जेठ ११, २०८२

**माननीय सभामुख महोदय,**

१. लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले लुम्बिनी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा १० बमोजिम विनियोजन विधेयक, २०८२ मा समावेश हुने प्रदेश सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता यस सम्मानित सभासमक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२. विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधान, नेपाल सरकारको सोह्रौं योजना, लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना, दिगो विकासका लक्ष्य र सम्मानित सभाबाट स्वीकृत प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रूपमा लिएको छु।

३. लुम्बिनी प्रदेश सरकारको “समृद्ध लुम्बिनीः खुसी नागरिक” को दीर्घकालीन आकाङ्क्षा हासिल गर्न कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि; गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच; उद्यमशीलता विकास; दिगो पूर्वाधार विकास; सामाजिक न्याय सहितको समावेशी विकास र उत्पादनशील रोजगारी सिर्जना गर्न उपलब्ध स्रोतसाधनलाई सन्तुलित एवम् समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्न सहयोग पुग्ने गरी बजेटको सिद्धान्त र प्राथमिकता तय गरेको छु।

**माननीय सभामुख महोदय,**

विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता राख्नुअघि लुम्बिनी प्रदेशको वर्तमान आर्थिक परिवेश र बजेटको सङ्क्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४. सङ्घीय तथा प्रदेश सरकारबाट अवलम्बन गरिएका नीतिगत, कानूनी तथा प्रक्रियागत सुधारबाट समग्र अर्थतन्त्र सकारात्मक हुँदै गएको छ। नेपाल सरकारको लक्ष्य अनुरूप राजस्व सङ्कलन हुन नसक्दा प्रदेश सरकारलाई प्राप्त हुने वित्तीय स्रोतमा सङ्कुचन आएको छ। आन्तरिक राजस्व सङ्कलन विगत आर्थिक वर्षभन्दा सुधारोन्मुख रहे तापनि लक्ष्य अनुरूप प्राप्ति हुन नसक्दा प्रदेशको वित्त व्यवस्थापन थप चुनौतीपूर्ण हुन गएको छ।

५. आर्थिक, सामाजिक तथा मानव विकासका सूचकमा आधारित कार्यक्रममा बजेट केन्द्रित गर्न र सिर्जित दायित्व भुक्तानी एवम् स्रोत सुनिश्चितता गरिएका आयोजनामा समेत आवश्यकता अनुसार बजेट विनियोजन गर्न नसकिँदा तोकिएको समय र लागतमा आयोजना सम्पन्न गरी अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुँदै गएको छ।

६. नागरिकमा चुलिँदै गएको समृद्धिको आकाङ्क्षालाई सम्बोधन गर्न प्रदेशको आर्थिक क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ। उच्च र दिगो आर्थिक वृद्धि हासिल गरी गरिबी न्यूनीकरण

तथा आर्थिक असमानता घटाउने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने छ।

**माननीय सभामुख महोदय,**

अब म यस सम्मानित सभासमक्ष विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छु:

**प्रदेश सरकारका अधिकारको कार्यान्वयन:**

७. नेपालको संविधानमा उल्लिखित प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रका विषयको कार्यान्वयनलाई उच्च महत्त्व दिइनेछ। क्षेत्रीय सन्तुलन सहितको समावेशी विकासका कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ।

८. सङ्घीयता कार्यान्वयनको लागि नेपालको संविधान एवम् कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार बाँकी कानून तर्जुमा गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

**सबल प्रादेशिक अर्थतन्त्र निर्माणः**

९. **समृद्ध लुम्बिनीः खुसी नागरिक** को आकाङ्क्षा पूरा गर्न प्रदेश सरकारको दोस्रो आवधिक योजनाले तय गरेका प्राथमिकताका क्षेत्रलाई बजेट तर्जुमाको प्रमुख आधार बनाइनेछ।

१०. कृषि; उद्योग; पर्यटन; स्वस्थ एवम् दक्ष मानव संसाधन विकास; पूर्वाधार विकास; उद्यमशीलता विकास र रोजगारी; सूचना प्रविधि; हरित तथा डिजिटल अर्थतन्त्रलाई प्रदेशको आर्थिक

समृद्धिको संवाहकका रूपमा लिइनेछ। उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नवीनतम प्रविधिको प्रयोगलाई जोड दिइनेछ।

## सामाजिक न्याय र समावेशी विकासः

११. महिला, आदिवासी जनजाति, मधेशी, दलित, थारू, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्ग, क्षेत्र एवम् समुदायमा विकासको प्रतिफल न्यायोचित वितरण हुने गरी समावेशी आर्थिक विकासको आधार निर्माण गर्दै लगिनेछ।

## लगानी प्रवर्धनः

१२. निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक नीतिगत, कानूनी तथा संस्थागत सुधार गरिनेछ। निजी क्षेत्रलाई आर्थिक विकासको मेरुदण्डको रूपमा विकास गरी प्रतिस्पर्धी र आत्मनिर्भर अर्थतन्त्रको आधारशिला तयार गर्दै लगिनेछ। पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न कानूनी र संस्थागत व्यवस्था गरिनेछ।

## सार्वजनिक वित्त व्यवस्थापन र विनियोजन कुशलता अभिवृद्धिः

१३. बजेटको परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न खर्च प्रणालीमा सुधार गरिनेछ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गरिनेछ। नागरिकको जीवनस्तरमा सुधार ल्याउने, तत्काल प्रतिफल दिने, रोजगारी सिर्जना गर्ने,

आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्न सहयोग पुऱ्याउने कार्यक्रमलाई महत्त्व दिइनेछ।

१४. राजस्व प्रशासनको नीतिगत तथा संस्थागत सुधार गरी आन्तरिक आय वृद्धि गरिनेछ। राजस्व प्रणालीलाई प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवम् कर परिपालना अभिवृद्धि गरिनेछ।

## समन्वय र सहकार्य

१५. समावेशी र सन्तुलित आर्थिक विकासका लागि नेपाल सरकार र स्थानीय तह एवम् निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाइनेछ।

## सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाह :

१६. सूचना प्रविधिको उपयोगमार्फत सार्वजनिक सेवालाई पहुँचयोग्य, सरल, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाइनेछ।

१७. सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गर्न नागरिकलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने निकायको व्यवस्थापन परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई संस्थागत गरिनेछ।

१८. सेवा प्रवाह र विकास प्रक्रियालाई मितव्ययी तुल्याउन संस्थागत संरचनाको पुनरावलोकन गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु:

## कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणः

१९. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ। कृषि उत्पादनलाई प्राङ्गारिक उत्पादनमा रूपान्तरण गर्दै लैजान आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। रैथाने बाली विकास, पशुपञ्छी तथा मत्स्यपालनलाई प्रवर्धन गरिनेछ। कृषि उत्पादनको ब्राण्डिङ तथा प्याकेजिङ कार्यलाई थप प्रभावकारी बनाई मूल्य श्रृङ्खला प्रवर्धन गरिनेछ।

२०. एकीकृत कृषि-सिँचाइ कार्यक्रम मार्फत बाली सघनता र विविधीकरणमा जोड दिइनेछ। व्यवसायिक कृषि तथा पशुपालन उद्योगको लागि गुणस्तरीय बीउबिजन र प्राविधिक सेवा सहज र सुलभ रूपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

## औद्योगिक प्रवर्धन तथा पर्यटन विकासः

२१. औद्योगिक उत्पादनको बजारीकरण र निकासी प्रवर्धन कार्यक्रमलाई प्राथमिकता दिइनेछ। वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिमा रहेको ज्ञान, सीप, पुँजी र प्रविधि उपयोग हुने खालका उद्यम तथा व्यवसायका कार्यक्रमलाई प्राथमिकता दिइनेछ। निजी क्षेत्रको सहकार्यमा नवप्रर्वतन र उद्यमशीलता

विकासका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। सरकारी निकायमा स्वदेशी उत्पादनको उपयोगलाई प्रवर्धन गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ।

२२. ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक लगायतका पर्यटकीय गन्तव्यहरूमा दिगो पूर्वाधार विकास, संरक्षण तथा प्रचार-प्रसारका कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तह एवम् निजी क्षेत्रसँगको सहकार्यमा भाषा, कला, संस्कृति, सम्पदा र रैथाने उत्पादनलाई पर्यटनसँग आबद्ध गरिनेछ। गुणस्तरीय पर्यटकको संख्या वृद्धि एवम् प्रदेशभित्रको बसाइ अवधि लम्ब्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२३. प्रदेशको विशिष्ट पहिचानको रूपमा रहेका भाषा; कला; संस्कृति; साहित्य; परम्परागत ज्ञान, प्रविधि र उत्पादनको संरक्षण एवम् प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

## गुणस्तरीय शिक्षा र स्वास्थ्य

२४. विद्यालय शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, सर्वसुलभ र समय सापेक्ष बनाउन स्थानीय तहसँग सहकार्य गरिनेछ। विद्यालयमा विद्यार्थी टिकाउने र शैक्षिक नतिजा सुधार गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ। बजारको माग अनुसार प्रतिस्पर्धी र सक्षम जनशक्ति उत्पादन गर्न प्रोत्साहन गरिनेछ। शिक्षामा लक्षित समुदायको पहुँच बढाउन छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२५. लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकास गर्न संस्थागत सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्न प्रोत्साहन गरिनेछ।

२६. स्वास्थ्य सेवालाई थप व्यवस्थित, प्रभावकारी र सुदृढ बनाइनेछ। प्रादेशिक अस्पताललाई स्तरोन्नति गरी विशिष्टीकृत सेवा विस्तार गरिनेछ। महिला तथा बालबालिकामा रहेको कुपोषण घटाउन प्राथमिकता दिइनेछ। पोषणका सूचकहरू राष्ट्रिय औसतभन्दा कमजोर भएका क्षेत्रमा स्थान लक्षित पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२७. प्रदेशभित्र स्थायी बसोबास गर्ने नागरिकलाई मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण, क्यान्सर रोगको उपचार र आँखाको नानी प्रत्यारोपणको लागि सहयोग उपलब्ध गराइनेछ।

**खानेपानी, सरसफाइ तथा स्वच्छताः**

२८. सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी सुनिश्चित गर्न खानेपानी आयोजनाहरुको निर्माण, विस्तार र पुनःस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। निर्माणाधीन खानेपानी आयोजना सम्पन्न गर्न विशेष जोड दिइनेछ।

२९. खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी लक्ष्य हासिल गर्न खानेपानी सुरक्षा योजनामार्फत स्रोत संरक्षण, पुनर्भरण, खानेपानी गुणस्तर सुधार तथा सरसफाइका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

## पूर्वाधार विकास तथा पहुँच विस्तारः

३०. प्रदेश राजधानीको गुरूयोजना अनुसार निर्माणाधीन प्रशासनिक भवन, प्रदेश गौरवका आयोजना तथा बहुवर्षीय आयोजना सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। स्थानीय तहका केन्द्र, पर्यटकीय स्थल, शैक्षिक संस्था, अस्पताल, कृषि तथा पशुपालनका पकेट क्षेत्र एवम् उत्पादनमूलक उद्योग समेतलाई जोड्ने गरी सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

३१. रणनीतिक महत्त्वका सडकको स्तरोन्नति तथा नियमित मर्मत सम्भार कार्यलाई जोड दिइनेछ। अन्तरप्रदेश समन्वय एवम् सहलगानीमा सञ्चालन हुने आयोजनालाई प्राथमिकता दिइनेछ।

३२. सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ। एकीकृत सुरक्षित बस्ती विकास तथा आवास निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

## युवा र खेलकुदः

३३. व्यवसायिक तालिम एवम् प्राविधिक शिक्षा प्रदान गरी युवालाई सीपयुक्त बनाइनेछ। युवा लक्षित उद्यमशीलता विकास; पुँजी तथा प्रविधिमा सहज पहुँच र आन्तरिक रोजगारी सिर्जना मार्फत युवालाई रोजगारीका लागि विदेशिनु पर्ने बाध्यात्मक परिस्थितिलाई कम गर्दै लगिनेछ। नेपाल सरकार र स्थानीय तह तथा समुदाय समेतको सहलगानीमा खेलकुद पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ। राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा प्रतिभावान खेलाडीलाई प्रोत्साहन गरिनेछ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः

३४. आर्थिक क्रियाकलापमा महिलाको सहभागिता वृद्धि गर्न उद्यमशीलताको विकासमा जोड दिइनेछ। लैङ्गिक हिंसा, मानव बेचविखन र ओसारपसार नियन्त्रण गर्न नेपाल सरकार र स्थानीय तह एवम् गैरसरकारी सङ्घसंस्थासँग समन्वय र सहकार्य गरिनेछ। अपाङ्गता भएका व्यक्तिको लागि सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र विज्ञता उपयोगका साथै अन्तरपुस्ता हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

३५. स्थानीय तहसँगको सहकार्यमा बालविवाह र बालश्रमको अन्त्य गर्दै बालमैत्री प्रदेश निर्माण कार्यलाई अगाडि बढाइनेछ।

## सामाजिक न्याय र सामाजिक सुरक्षाः

३६. महिला; आदिवासी जनजाति; मधेशी; दलित; थारू; मुस्लिम; लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक; अपाङ्गता भएका व्यक्ति र पिछडा वर्ग एवम् समुदायको उत्थान र सशक्तीकरणको लागि आर्थिक तथा सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

३७. सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरी लक्षित वर्गमा केन्द्रित गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई योगदानमा आधारित बनाउँदै लगिनेछ।

सहकारी, रोजगारी र गरिबी निवारणः

३८. सहकारीको माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी स्वरोजगारको अवसर सिर्जना गरिनेछ। सहकारी संस्थालाई उद्देश्यअनुरूप सञ्चालन गर्न प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ।

३९. बजारको मागअनुरूप दक्ष जनशक्ति उत्पादन तथा विकास गर्न सीपमूलक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी रोजगारीसँग आबद्ध गरिनेछ। गरिबीको सघनता भएका स्थानमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा सीपमूलक तालिम, आय आर्जन र रोजगारीका थप कार्यक्रम सञ्चालन गरिनेछ।

जलवायु परिवर्तन र विपद् व्यवस्थापनः

४०. पर्यावरणीय सन्तुलन र अन्तरपुस्ता समन्याय कायम गर्दै प्राकृतिक स्रोतको दिगो उपयोगमा जोड दिइनेछ। जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। विपद्‌बाट हुने क्षति घटाउन नेपाल सरकार र स्थानीय तह एवम् गैरसरकारी सङ्घसंस्थासँगको सहकार्य तथा समन्वयलाई प्रभावकारी बनाइनेछ।

४१. वनजन्य उत्पादनको दिगो व्यवस्थापन गरी आर्थिक, सामाजिक र पर्यावरणीय विकासमा योगदान गर्ने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। वन व्यवस्थापनमा उपभोक्ता समुह तथा

सरोकारवालाको सहभागितालाई व्यवस्थित गर्दै वन पैदावारलाई आयआर्जन र रोजगारीसँग आवद्ध गरिनेछ।

४२. बाढी, पहिरो, भू-क्षय, वन डढेलो जस्ता विपद्बाट हुन सक्ने जोखिम न्यूनीककरण गर्न प्रवर्धनात्मक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। विपद् र अन्य प्राकृतिक प्रकोपबाट भएको क्षतिको पुनःनिर्माण र पुनःस्थापनालाई प्राथमिकता दिइनेछ।

४३. लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, हरित ऊर्जा र स्वच्छ तथा नवीकरणीय ऊर्जाको प्रवर्धन र विकासलाई प्राथमिकता दिइनेछ। वातावरणीय प्रदूषण नियन्त्रणमा सघाउ पुग्ने गरी विद्युतीय चुल्हो र सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

**सुशासन प्रवर्धनः**

४४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, जनमुखी र पारदर्शी बनाइनेछ। सार्वजनिक सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै सेवालाई छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी बनाउन विद्युतीय प्रणालीको उपयोग गरिनेछ। जनशक्तिको क्षमता विकास र संस्थागत सुदृढीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

**बजेट प्रणालीमा सुधारः**

४५. विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा सुधार गरी उपलब्ध स्रोतबाट उच्चतम प्रतिफल प्राप्त गर्न जोड दिइनेछ। पूर्व तयारी सम्पन्न भएका प्राथमिकताप्राप्त आयोजनामा बजेट विनियोजन गर्ने नीति लिइनेछ। बजेट तथा कार्यक्रमलाई आर्थिक तथा सामाजिक पूर्वाधार विकास, मानव पुँजी निर्माण र सेवा प्रवाह सुधार गर्ने कार्यक्रममा केन्द्रित गरिनेछ।

४६. प्रदेश गौरवका आयोजना र बहुवर्षीय आयोजना समयमै सम्पन्न गर्ने तथा दायित्व फरफारक गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। प्रदेश आयोजना बैङ्क सञ्चालनमा ल्याई आयोजना छनौटलाई थप प्रभावकारी बनाइनेछ।

**राजस्व प्रणालीको सुदृढीकरणः**

४७. आन्तरिक राजस्वको आधारलाई सुदृढ बनाउन राजस्व सुधार सुझाव कार्यदलले दिएका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। करका दरलाई अन्य प्रदेशको दरसँग समेत सामञ्जस्यता कायम गरी राजस्वको दायरा विस्तार गरिनेछ। राजस्व प्रणालीलाई प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ।

४८. वनक्षेत्रलाई प्रदेशको आयको प्रमुख स्रोतको रूपमा परिचालन गर्दै लगिनेछ। वनक्षेत्र भित्रको निर्माणजन्य सामग्रीको व्यवस्थापनलाई प्रभावकारी बनाई प्रदेशको राजस्व वृद्धि गर्न आवश्यक नीतिगत र कानूनी व्यवस्था मिलाइनेछ।

४९. नेपालको संविधानको मर्म बमोजिम पाउनुपर्ने अनुदान, बाँडफाँटबाट प्राप्त हुने राजस्व र रोयल्टीलाई न्यायोचित बनाउन नेपाल सरकारसँग समन्वय गरिनेछ।

**खर्चमा मितव्ययिता तथा आर्थिक अनुशासनः**

५०. चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी पुँजीगत खर्च बढाउने नीति अवलम्बन गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ गरी खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गरिनेछ।

५१. स्थानीय तहलाई प्रदान गरिने अनुदानबाट सञ्चालन हुने आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्राप्त गर्ने प्रणाली विकास गरी कार्य प्रगतिका आधारमा हस्तान्तरण हुने व्यवस्था मिलाइनेछ।

**माननीय सभामुख महोदय,**

५२. विनियोजन विधेयकमा समावेश हुने लुम्बिनी प्रदेश सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताका आधारमा तर्जुमा हुने बजेटले प्रदेशको समग्र विकास, समृद्धि र समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सघाउ पुग्ने विश्वास लिएको छु। सेवा प्रवाहमा सुधार गरी नागरिकको विकासप्रतिको

आकाङ्क्षालाई सम्बोधन गर्ने उल्लिखित सिद्धान्त र प्राथमिकताले सहयोग पुऱ्याउने आशा लिएको छु।

५३. आगामी आर्थिक वर्षको बजेटले लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको **कृषि, उद्योग, पर्यटन र पूर्वाधारः समृद्ध लुम्बिनीका मुख्य आधार** भन्ने उक्तिलाई साकार पार्न सघाउ पुऱ्याउने विश्वास लिएको छु।

५४. बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि माननीय प्रदेश सभा सदस्यहरूबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु। यहाँहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

धन्यवाद ।

**लुम्बिनी प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**राप्ती उपत्यका (देउखुरी), नेपाल**

**फोन नं.** : +९७७-८२-५९०४३७, ५९०४३८, ५९०३९८

Email : info.moeap@lumbini.gov.np

Website : moeap.lumbini.gov.np